नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय पञ्जीकरण विभाग
बबरमहल, काठमाडौं

फो.नं. ०१४२३३८७९
फ्याक्स : ०१४२५८२४०

पत्र संख्या: २०७३/०७४
चलानी नम्बर: 984

मिति: २०७४/०६/०९

विषय: MIS online Entry, LMBIS मा इन्ट्री तथा निकासा मिलान सम्बन्धमा |

श्री महा-नगरपालिका कार्यालय प्रमुख सबै |
श्री उप-महानगरपालिका कार्यालय प्रमुख सबै |
श्री नगरपालिका कार्यालय प्रमुख सबै |
श्री गाउँपालिका कार्यालय प्रमुख सबै |

प्रस्तुत विषयमा नेपाल सरकारले आ. व. २०७४/७५ को लागि सामाजिक सुरक्षा भत्ता बापत ३६ अर्ब रुपयाँ विनियोजन गरेको छ | उक्त रकमलाई पारदर्शी, चुस्त रुपमा वितरण तथा वितरित रकम सहि समयमा सम्बन्धित लाभग्राहीले प्राप्त गरे नगरको सुनिश्चित गर्नको लागि लाभग्राहीको सम्पूर्ण विवरण विभागले स्थापना गरेको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यस्थापन सुचना प्रणाली (VERSP-MIS) मार्फत व्यवथापन गर्न शुरु गरिएको छ र यस आ. व. को पहिलो चौमासिकको रकम पनि २०७४/०५/२० गते सम्मको VERSP-MIS विवरणको आधारमा विनियोजन गरी LMBIS मा इन्ट्री गरिएको छ | विभागले पटक पटक निर्देशन तथा सहजीकरण गर्दासमेत कतिपय स्थानीय तहले समयमा लाभग्राहीको विवरण VERSP-MIS मा प्राविस्ट, नविकरण, तथा लगतकट्टा नगरेका कारण केही स्थनीय तहबाट वास्तविक रकमभन्दा केहि रकम फरक परेको सूचना प्राप्त भएकोले सोको व्यवस्थापनको लागि देहाय बमोजिम गर्नुहुन अनुरोध छ :

- लाभग्राहीको विवरण समयमा MIS मा प्रविस्ट नगरी आवश्यक भन्दा कम रकम निकासा भएको भएमा यथासिघ्र VERSP-MIS प्रणलीमा इन्ट्री गरी विभागमा जानकारी गराउने
- दर्ता नविकरण, लागत कट्टा गर्न बाँकि स्थानीय तहहरुले VERSP-MIS मा लगत कट्टा गर्ने
- पहिलो चौमासिक वितरण गरेको प्रगती VERSP-MIS मा इन्ट्री (अपलोड) गरिसकेपछी मात्र पहिलो चौमासिकमा बढी भएको रकम घटाएर दोस्रो चौमासिकको रकम को.ले.नि.का मार्फत निकासा हुनेछ |
- बैंकिंग पहुँच पुगेका स्थानीय तहहरुले बैंकमार्फत भत्ता वितरण गर्नुहुन तथा MIS मा इन्ट्री भएका लाभग्राहीको बैंक खाता खोलि भत्ता वितरण गर्नुपर्ने छ |
- लाभग्राहीको विवरण VERSP-MIS प्रणलीमा इन्ट्री गर्न बाँकी स्थानीय तहहरुले मङ्सिर १५ गते भित्र इन्ट्री तथा अध्यावधिक गर्ने कार्य सकाउनुपर्ने छ |

Scanned by CamScanner

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाडौं

पत्र संख्या: २०७३।०७४
चलानी नम्वर:

फो.नं. ०१४२३३८७९
फ्याक्स : ०१४२५८२४०

- हाल नवनिर्वाचित जनप्रतिनिधिबाट नगद रकम निकाशा गर्ने भनि सुनिएकोले त्यसो गर्न अर्थ मन्त्रालयको निकासाको निर्देशनको प्रतिकुल हुने जानकारी गराइन्छ।
- सामाजिक सुरक्षा भत्ता रकम नेपाल सरकारबाट तोकिएको अनुसार मात्र वितरण गर्न सकिने व्यवस्था भएको हुँदा सोको पालना गर्न गराउन अनुरोध गरिएको छ।

२०७४।६।६

अनिल कुमार ठाकुर
(महानिर्देशक)

Scanned by CamScanner